Informal Sector Service Centre (INSEC)
www.inseconline.org
For Human Rights and Social Justice

| | |
|---|---|
| नेपाल भूकम्प २०७२ अपडेट : ३५औं दिन<br>मिति : ०७२ जेठ १५<br>अन्तिम अपडेट : २२:०० बजे | मानवीय क्षति (स्रोत : गृह मन्त्रालय)<br>मृतक : ८,६८४<br>घाइते : २१,९५३ |

## संविधान र पुन:निर्माण सँगसँगै: राष्ट्रपति डा. यादव

राष्ट्रपति डा. रामवरण यादवले भूकम्पको विपत्तिलाई सामना गर्दै नयाँ संविधान निर्माण र पुन:निर्माण प्रक्रिया सँगसँगै अघि बढाउनुपर्ने बताएका छन् । आठौं गणतन्त्र दिवसको पूर्व सन्ध्यामा जेठ १४ गते राती देशवासीका नाममा सन्देश दिँदै राष्ट्रपति डा. यादवले भूकम्पपछि स्व:स्फूर्त सिर्जना भएको राष्ट्रिय एकता र सद्भावबाट प्राप्त ऊर्जालाई नयाँ संविधान एवम् नव नेपालको निर्माणमा उपयोग गर्न आग्रह गरेका छन् । राष्ट्रपति डा. यादवले राजनीतिक दलहरूले अहिले भूकम्प पीडित जनतालाई राहत पुऱ्याउने सन्दर्भमा देखाएको जस्तो एकता र समझदारी संविधान निर्माणको सवालमा पनि कायम राख्नुपर्ने बताएका छन् ।

### उल्लेख्य

- भूकम्पका कारण गएको पहिरो तथा बस्तीमाथिका पहाडमा धाँजा फाटेपछि ओखलढुङ्गाका तीन गाउँ विस्थापित भएका छन् भने अन्य ११ गाविसका १४ उच्चबस्ती जोखिममा छन् ।
- राजनीतिक दलबीच उत्पन्न असहमतिको कारण केही सुस्त भएको जिल्ला दैवी प्रकोप उद्धार समितिको कमाण्ड फोर्सको काम दलीय सहमति कायम भएपछि पुन: सुचारु भएको छ । दलहरूबीच ०७२ जेठ १३ गते सहमति कायम भएपछि समितिको काम पुन: सुचारु भएको हो ।
- विद्यालयको शैक्षिक वातावरणलाई निरन्तरता दिन शिक्षा कार्यालय मकवानपुरले चार तरिकाहरू अपनाउने भएको छ । शिक्षा कार्यालयले अस्थायी सिकाइ केन्द्र निर्माण, बहु कक्षा सञ्चालन, सिफट्मा पढाइ र नजिकका सामुदायिक भवनमा विद्यार्थीलाई राखेर जेठ १७ गतेदेखि पढाइलाई निरन्तरता दिने भएको हो ।
- वैशाख १२ गते आएको विनाशकारी भूकम्पपछि गाउँ छाडेर सुरक्षित स्थलतर्फ गएका सिन्धुपाल्चोक गोल्चे गाविस -१ स्थित साङदुङ र दिफुका २६ घर परिवारले राहत पाएका छैनन् ।
- विपत् व्यवस्थापन समिति सिन्धुलीले वैशाख १२, १३ र २९ गतेको भूकम्पबाट पीडित भएका व्यक्तिहरूको परिचय पत्र बनाउने र अस्थायी आवासका लागि १५ हजार रुपियाँ वितरण गर्ने काम कमलामाई नगरपालिकाका-१ बाट सुरु गरेको छ ।
- जिल्ला प्रशासन कार्यालय, गोरखाले निकै ढिला गरी जेठ १५ गतेबाट मात्रै घर भत्किएका भूकम्प पीडितहरूलाई नगद राहत वितरण सुरु गरेको छ ।
- भौतिक पूर्वाधार तथा यातायात मन्त्री विमलेन्द्र निधिले सरकारले दैवी विपत्तिको पूर्वयोजना बनाउन नसक्दा ठूलो क्षति व्यहोर्नु परेको बताएका छन् । रामेछापमा भूकम्पको प्रभाव अवलोकन गर्न आएका निधिले भूकम्प प्रभावित जिल्लामा पहिलो चरणमा राहत र अस्थायी बास तथा दोस्रो चरणमा दीर्घकालीन व्यवस्थापनको अवधारणा सरकारले ल्याइसकेकेको जानकारीसमेत दिए ।

**पूर्ण विवरणका लागि :** http://www.inseconline.org/

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline